# हलेसी तुवाचुङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुर्छिम, खोटाङ
कोशी प्रदेश, नेपाल

**औषधी खरिद सम्बन्धी विद्युतीय दरभाउपत्र आव्हानको सूचना ।।**

(प्रथम पटक प्रकाशित मितिः २०८०।०७।१९ – 2023/11/05 00:00)

यस कार्यालयको चालु आ.व.०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नगरपालिकाको नगर अस्पतालका लागि औषधीहरु विद्युतीय दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक र योग्य फर्महरुले तपसिलमा उल्लिखित शर्त बमोजिम बिद्युतीय दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नाममा रहेको माछापुच्छ्रे बैंक हलेसी शाखा स्थित आन्तरिक राजश्व खाता नं. 0700065091700041 मा रु.१०००।- (एक हजार पछि फिर्ता नहुने गरी) दाखिला गरी सोको भौचर पेश गरिएको हुनु पर्नेछ ।
२. दरभाउत्र खरिद कर्ताले कम्पनी फर्म दर्ता प्रमाण पत्र, बिक्री इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३. विद्युतीय दरभाउपत्र दर्ता वापत सूचनामा तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको माछापुच्छ्रे बैंक हलेसी शाखा स्थित धरौटी खाता नं. 0700065091700025 मा नगद जम्मा गरेको भौचर वा दरभाउपत्र खोलिने मितिले कम्तीमा ९० (नब्बे) दिनको मान्य अवधि रहने गरी स्वीकृत प्राप्त"क"वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत/बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । दरभाउपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजायँ नपाएको भनी लिखित स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।
४. दरभाउपत्र आव्हान सम्बन्धि सूचना प्रकाशन गरिएको मितिको १६ (सोह्रौं) दिनको १२.०० बजे भित्र बिद्युतीय माध्यमबाट दरभाउपत्र पेश गर्नु पर्नेछ ।
५. तोकिएको समयभित्र रितपूर्वक PPMO www.bolpatra.gov.np/egp. मा दर्ता हुन आएका बिद्युतीय दरभाउपत्रहरु सोही दिनको १४.०० बजेदेखि (दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा वा प्रतिनिधि उपस्थित नभए पनि यस कार्यालयमा खोलिनेछ ।
६. औषधीहरु खरिद गर्दा WHO/GMP Company बाट उत्पादित औषधि मात्र आपूर्ती गर्नुपर्नै छ ।
७. आपूर्ति हुने औषधीहरुको Expire Date स्टोर दाखिला हन आएको मितिमा कम्तीमा २४ महिना बाँकी हनु पर्नेछ ।
८. आपूर्ति हुने औषधीहरुको प्रत्येक Strip/Labeling/Picketing को बाहिर उत्पादन मिति, Expire Date, Batch Number उत्पादक कम्पनीको नाम उल्लेख भएको हनु पर्नेछ ।
९. धुलो र झोल औषधी बाहेकका औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतल र ट्यूबमा आपूर्ति हुने सबै औषधीहरु सिलबन्दी हुनु पर्नेछ ।
१०. दरभाउपत्रदाताले उपलव्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरिएको सक्कल आधिकारिक पत्र (Authorization Letter) विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकरिक पत्र र औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नवीकरण गरिएको प्रमाणित प्रतिलिपी पेस गर्नु पर्ने छ।
११. यो सूचनामा उल्लेख भएका कुराहरूको हकमा यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

**<u>तपशील</u>**

| क्र.स. | विवरण | ठेक्का नम्बर | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | Procurement and Supply of Municipal Hospital Medicine | HTM/Goods/SQ/02/2080/081 | 58,000/- | E-Sealed Quotation |

प्रमुख प्रशासकीय अधिकृत